
TARGET

Keep Antibiotics Working

# मैले आफूलाई सामान्यतया हुने संक्रमणहरूको देखभाल कसरी गर्न सक्छु?

## 16 वर्ष तथा योभन्दा बढी उमेरका वयस्कहरूको लागि पर्चा

## 1 सामान्यतया हुने संक्रमणका के के लक्षणहरू हुन्छन्?



**आँखा**
- आँखा पाक्ने
- आँखाबाट कचेरा आउने
- आँखा पोल्ने वा केही पसेर बिझाए जस्तो लाग्ने

**छाती**
- खोकी
- सास फेर्न गाह्रो हुने
- खोक्दा हरियो वा पहेंलो खकार आउने

**कान, नाक र घाँटी**
- दुख्ने वा घाउ हुने
- नाक बन्द हुने वा नाकबाट पानी बग्ने
- टन्सिल सुन्निने

**आन्द्रा**
- वाकवाक लाग्ने
- बान्ता हुने
- पखाला लाग्ने

## 2 मलाई भएको संक्रमण कतिको सामान्यतया हुने संक्रमण हो?

**संयुक्त अधिराज्यमा हरेक वर्ष...**


वयस्कहरूलाई औसत 2 देखि 3 पटक रुघाखोकी लाग्छ
(बच्चाहरूमा अझ धेरै हुने गर्दछ)




5 जनामा 1 जनालाई आन्द्राको संक्रमण हुन्छ



10 जनामा 1 जनालाई पिनासको संक्रमण हुन्छ



संस्करण 2.0. प्रकाशित: नोभेम्बर 2024. पुनरावलोकन मिति: नोभेम्बर 2027. स्वास्थ्य सेवा पेशेवर, बिरामी तथा पेशेवर चिकित्सा निकायहरूसँग मिलेर यो पुस्तिका तयार गरिएको छ। TARGET को सञ्चालन संयुक्त अधिराज्य स्वास्थ्य सुरक्षा एजेन्सीद्वारा (UK Health Security Agency) गरिन्छ।

## 3 मैले सामान्यतया हुने संक्रमणको उपचार कसरी गर्न सक्छु?

निको नभएसम्म **पर्याप्त आराम गर्नुहोस्**।

आवश्यक भएमा **दुखेको कम गर्ने औषधि लिनुहोस्** (निर्देशनहरूको पालन गर्न नभुल्नुहोस्)।

शरीरमा पानीको कमीबाट बच्न **पर्याप्त तरल पदार्थ** (6 देखि 8 कप वा गिलास) **पिउनुहोस्,** र नियमित रूपमा पिसाब फेर्नुहोस्।

**खोकी लाग्दा**, मह र खोकीको औषधि खाएर हेर्नुहोस्।
**घाँटी दुखेमा**, औषधियुक्त क्यान्डी र दुखेको कम गर्ने औषधि लिनुहोस्।

उमालेर चिसो बनाएको पानीमा सफा कपडा भिजाएर बिस्तारै आँखाको वरिपरि राखेर **आँखाको संक्रमण** मा आराम पाउनुहोस्।

**कानको बाहिरी भागको संक्रमण**को लागि, कानमा हाल्ने ओभर-द-काउन्टर औषधिहरू लिने विचार गर्नुहोस्।

## 4 मेरो संक्रमण कति लामो समयसम्म रहन सक्छ?

| खोकी | घाँटी दुख्ने वा कान दुख्ने | सामान्य रुघाखोकी | नोरोभाइरस (जाडो याममा बान्ता हुने) | पिनासको संक्रमण | आँखाको संक्रमण |
|---|---|---|---|---|---|
| 3 देखि 4 हप्ता | 7 देखि 8 दिन | 14 दिन | 2 देखि 3 दिन | 3 देखि 4 हप्ता | 7 देखि 14 दिन |

**यदि आफ्नो लक्षणहरू अझ बिग्रेमा अथवा उपरोक्त अवधिसम्ममा पनि निको नभएमा आफ्नो जेनरल प्र्याक्टिस्नर (GP) लाई सम्पर्क गर्नुहोस्।**

**सामान्यतया हुने संक्रमणहरूका बारेमा स्व- हेरचाह गर्ने सुझावका लागि www.nhs.uk मा जानुहोस्**

## 5 के मेरो संक्रमणलाई निको पार्न एन्टिबायोटिक आवश्यक हुन्छ?

- प्राय तपाईंको शरीरले सामान्यतया हुने संक्रमणहरूसँग आफैं लड्न सक्छ।
- ब्याक्टेरियाको संक्रमणका लक्षणहरू गम्भीर नभएसम्म तपाईंले प्राय एन्टिबायोटिक लिनु पर्दैन - यसबारे आफ्नो स्वास्थ्य सेवा पेशेवरको सुझाव लिनुहोस्।
- बिना आवश्यकता एन्टिबायोटिकको सेवनले तपाईं र तपाईंको परिवारलाई जोखिममा पार्न सक्छ।
- एन्टिबायोटिकको सम्बन्धमा आफ्नो स्वास्थ्य सेवा पेशेवरको सुझाव लिनुहोस्।
- एन्टिबायोटिकको बारेमा थप जानकारी **www.antibioticguardian.com** मा हेर्नुहोस्।

## 6 मेरो संक्रमणलाई मैले कसरी फैलिनबाट रोक्न सक्छु?

**यदि तपाईंले खोक्नु वा हाच्छिउँ गर्नु परेमा:**



टिस्यु पेपर (वा आफ्नो कुहिनोको भित्री भाग) **मा गर्नुहोस्**



चलाई सकेको टिस्यु पेपरलाई डस्टबिनमा **फ्याँक्नुहोस्**



आफ्नो हात धोएर यसलाई **मार्नुहोस्**

**साबुन पानी अथवा ह्यान्ड स्यानिटाइजरले न्युनतम 20 सेकेन्डसम्म हात धुनुहोस्:**

- खाना बनाउनु र खानु भन्दा पहिला
- शौचालय गएपछि
- घरपालुवा जनावर वा पशुहरूलाई छोएपछि
- घरबाट निस्कँदा र घर आइपुगेपछि



आफ्नो आँखा, नाक वा मुखमा फोहोर हातले नछुनुहोस्। सम्भव भएमा, अरूबाट, खास गरी तपाईंको परिवारका जोखिमपूर्ण व्यक्तिहरूबाट न्युनतम 2 मिटर (6 फिट) को दूरी बनाउनुहोस्।



तपाईंको मुखमा छोइने वस्तुहरू, जस्तै खाने भाँडा र टूथब्रसहरू अरूसँग साझा नगर्नुहोस्।



आफू र आफ्नो परिवारले सबै आवश्यक खोपहरू लगाइ राख्नुहोस्। तपाईं योग्य हुनुहुन्छ भने सदा जाडो यामको खोप (जस्तै फ्लूको खोप) लगाउनुहोस्।

**सामान्यतया हुने संक्रमणहरूको बारेमा थप सुझावको लागि कुनै औषधिपसलमा जानुहोस् वा फोन गर्नुहोस्**

## 7 गम्भीर रोगका कुन कुन लक्षणहरूदेखि म सतर्क हुनुपर्छ?

- गम्भीर रूपमा **टाउको दुख्ने र बान्ता आउने**
- लगातार **ज्वरो आउने वा जाडो लाग्ने** (शरीरको तापक्रम 38°C भन्दा बढी वा 36°C भन्दा कम)
- **निल्न** गाह्रो हुने
- खोक्दा **रगत** आउने
- सामान्य भन्दा चाँडो अथवा ढिलो गतिमा **सास फेर्ने, छाती दुख्ने** वा कस्सिने
- ढाडमा करङकै मुनि **मिर्गौला दुख्ने**
- नयाँ **देखा परेको अत्यन्त चाँडो वा ढिलो नाडीको गति**
- **छाला निकै चिसो हुने**

**यदि उपरोक्त लक्षणहरू देखा परेमा, आफ्नो जेनरल प्र्याक्टिस्नर (GP) लाई तुरून्तै सम्पर्क गर्नुहोस् अथवा आफ्नो क्षेत्रमा उपलब्ध निम्न सेवाहरूको उपयोग गर्नुहोस्।**

| NHS England | NHS 111 Wales | NHS Scotland | Northern Ireland |
| --- | --- | --- | --- |
| CALL 111 when it's less urgent than 999 | NHS 111 Wales | NHS 24 CALL 111 | Contact your GP practice<br>HSC Public Health Agency |

यदि आवश्यक परेमा उक्त सेवाहरूका लागि गोपनीय दोभाषे सेवा प्राप्त गर्न सकिन्छ।

## 8 मलाई सेप्सिस (निको नहुने घाउ) भएको लक्षण देखा पर्यो भने के गर्नु?

**सेप्सिस भनेको संक्रमण विरूद्ध उत्पन्न प्राणघातक प्रतिक्रिया हो।**
**यसका सम्भावित चिन्हहरू यस प्रकार छन्:**

- बोली लटपटिने, भ्रमित वा निदाउरो हुने
- अत्याधिक कम्पन
- दिनभर पिसाब नआउने
- गम्भीर रूपमा सास फेर्न गाह्रो हुने
- आफू मर्छु जस्तो लाग्ने, र
- छालामा धब्बा वा छालाको रङ्ग फिका देखिने।

**यदि सेप्सिस भएको शंका लागेमा, तुरून्तै 999 मा फोन गर्नुहोस्**